बैठक संख्या:५/२०८२/०८३
बैठक मिति: २०८२/०७/२०
समय: दिउँसो २:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक कक्ष ।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | स. प्रशासकीय अधिकृत | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कालु पुन | कास | | |
| ४ | जमान पुन मगर | का स | | |

CamScanner

पाचौँ कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा।
३. उत्कृष्ठ उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२ पारित सम्बन्धमा।
४. मेसिनरी औजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ संशोधन सम्बन्धमा।
५. JCB Operator को विज्ञापन सम्बन्धमा।
६. एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ संशोधन सम्बन्धमा।
७. अनुगमन तथा मूल्यांकन समितिको पूर्णता सम्बन्धमा।
८. आर्थिक वर्ष २०८२/८३ प्रथम चौमासिकको सार्वजनिक सुनुवाई सम्बन्धमा।
९. कृषि तर्फका संघीय सशर्त कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्बन्धमा।
१०. ईन्जनियरिङ्ग सेवामा कार्यरत करार कर्मचारीहरुको करार अवधि सम्बन्धमा।
११. विविध

निर्णयहरु:

| निर्णय क्रम सङ्ख्या | निर्णयको व्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।०६।२७ गते चौथो कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्था समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरियो साथै वेरुजु फछर्यौटका लागि सबैले पहल गर्ने। | कार्यपालिका | |
| ३ | सुनछहरी गाउँपालिकाको उत्कृष्ठ उद्यमी सम्मान कार्यक्रम कार्यविधि, २०८२ पारित गर्ने। | कार्यपालिका | |
| ४ | सुनछहरी गाउँपालिकाको मेसिनरी औजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को तपसिलबमोजिमका दफा तथा अनुसूचीहरु पहिलो संशोधन तथा थप गर्ने।<br>दफा २ (छ) अध्यक्ष भन्नाले सुनछहरी गाउँपालिका अध्यक्षलाई बुझ्नुपर्छ।<br>(झ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सुनछहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लाई बुझ्नुपर्छ।<br>दफा ११ इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था<br>(क) ब्याक हो लोडर अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराउनु पर्नेछ।इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक लगत अपरेटरले तयारी गरि इन्जिनियरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ।<br>(ख) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्य बिस्त्रित लगत कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिने छ।<br>(ग) ब्याक हो लोडर बिग्रिएमा सो को लिखित जानकारी अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ।कार्यालयवाट वर्कशपमा चेकजाँच गराई मर्मत गर्नु पर्ने कार्यको बिस्त्रित बिबरण माग गरी स्वीकृत भए पश्चात मर्मत सम्भारको कार्य गरिनेछ।<br>(घ) मर्मत सम्भारको कार्य गर्दा गराउदा अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाका प्रतिनिधी वर्कशपमा रहनु पर्नेछ।<br>(ङ) ब्याक हो लोडरवाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिने छ। उक्त रकमबाट आवश्यक पर्ने इन्धन कर्मचारी खर्च र मर्मतका लागि खर्च गर्न सकिनेछ।<br>दफा १२. मेशिनरी औजार सञ्चालन शुल्क<br>कुनै व्यक्ति वा संघ संस्थावाट मेशिनरी औजार माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ।गाउँपालिकाको आर्थिक ऐनमा अन्यथा | कार्यपालिका | |

| | | | |
|---|---|---|---|
| | ख. मन बहादुर लिम्बु कार्यपालिका सदस्य | | |
| ८ | आर्थिक वर्ष २०८२।८३ प्रथम चौमासिकमा संचालित आयोजना तथा कार्यक्रमको सम्बन्धमा देहायको स्थान मिति र समयमा सार्वजनिक सुनुवाई संचालन गर्ने.<br>सुनवर्षी नगरपालिका वडा नं २ र ३ समेटेर गरी आवधिकमा मिति २०८२ असोज १७ गते शनिबार ११ बजे<br>सुनवर्षी नगरपालिका वडा नं ४ समेटेर गरी आवधिकमा मिति २०८२ असोज १२ गते शुक्रबार ११ बजे | प्रशासन शाखा | |
| ९ | कृषि तर्फका तपसिलका संघीय सशर्त कार्यक्रमहरुको प्रस्ताव आव्हान गर्ने ।<br>क. युवा किसान लक्षित तथा नमुना फार्म स्थापना कार्यक्रम<br>ख. बेमौसमी बाली प्रवर्द्धन कार्यक्रम<br>ग. सिट्रस फल सुन्तला विशेष कार्यक्रम | कृषि विकास शाखा | |
| १० | सुनवर्षी नगरपालिकामा ईन्जिनियरिङ सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता मिति २०८२ पौष मसान्तसम्म सम्झौता नविकरण गर्ने । | प्रशासन शाखा | |
| ११ | विभिन्न कार्यसूची उपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्ने:<br>क. बालुवा गिट्टीको टेण्डर आव्हान गर्ने ।<br>ख. राजस्व संकलनलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने । | नगरकार्यपालिका | |